प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
**बागमती प्रदेश कार्यालय**
हेटौंडा-११, मकवानपुर।

सम्पर्क मो नं. ९८५५०३४९११
स्थायी लेखा नं.२०१२९९३५३

**डिप्लोमा /प्रमाणपत्र तहको पूर्ण शुल्कीय तर्फको प्रमाणपत्र तह सामान्य चिकित्सा,नर्सिङ् , फार्मेसी र मिडवाइफ्री कार्यक्रमको प्रवेश परीक्षाको नतिजा प्रकाशन सम्वन्धी अत्यन्त जरुरी सूचना।**

**(सूचना प्रकाशन मिति २०८१।०४।२७)**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालय सानोठिमी भक्तपुरको मिति २०८१।०३।१५ गते प्रकाशित सूचना अनुसार मिति २०८१।०४।१९ गते संचालित डिप्लोमा/प्रमाणपत्र तहको पूर्ण शुल्किय तर्फ सामान्य चिकित्सा,फार्मेसी, नर्सिङ्ग र मिडवाइफ्री कार्यक्रमहरुको वागमती प्रदेश भित्र तोकिएका परीक्षा केन्द्रहरुमा संचालन गरिएको प्रवेश परीक्षामा सम्मिलित भई परिषद् प.नि.का.ले जारी गरेको डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन,छात्रवृत्ति वितरण तथा भर्ना सम्वन्धी निर्देशिका,२०८१(दोस्रो संशोधन ) अनुरुप लिखित परीक्षाको प्राप्ताङ्क र एस.एल.सी/एस.इ.इ.को शैक्षिक प्रमाणपत्रहरु वापत तोकिएको अंकको कुल योगफल अनुसार परीक्षार्थीले प्राप्त गरेको प्राप्ताङ्कको योग्यताक्रम सूची वमोजिम शिक्षण संस्थामा भर्ना सिफारिस गरिएको व्यहोरा प्रदेश प्रवेश परीक्षा नतिजा प्रकाशन उप-समितिको मिति २०८१।०४।२७ गतेको निर्णयानुसार जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। मुख्य उम्मेदवारको रुपमा छनौट भई भर्नाको लागि सिफारिश भएका उम्मेदवारहरु मिति २०८१।०५।०४ गते कार्यालय समय भित्रमा आफ्नो प्रवेश पत्र,नतिजाको प्रति,शैक्षिक योग्यताको प्रमाणपत्र,नागरिकता वा जन्मदर्ता, छनौट भएको लक्षित वर्गको सक्कल प्रमाणपत्रहरु र फोटो सहित तोकिएको शिक्षालयमा भर्ना हुन जानु हुन यसै सूचनाद्धारा जानकारी गराइन्छ। सम्वन्धित शिक्षालयले यसै सूचनालाई आधार मानि भर्ना सम्वन्धी निर्देशिका र सूचनामा उल्लेख भए वमोजिम परीक्षार्थीहरुले पेश गरेका सक्कल प्रमाणपत्र र कागजातहरु शिक्षालयका प्राचार्यले रुजु गरेर मात्र भर्ना गर्न गराउनु हुन अनुरोध छ । विस्तृत जानकारीको लागि www.ctevtbagmati.org.np र www.ctevtexam.org.np मा हेर्न सकिन्छ।

निर्देशक